नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-७
चलानी नं. : ८२४

CDS and Clearing Ltd.

मिति : २०७२/०३/०८

**विषय : जानकारी सम्बन्धी परिपत्र ।**
(परिपत्र नं.: १७/आ.व.२०७१/७२)

यस सिडिएस एण्ड क्लियरिङ्ग लि. ले धितोपत्र कारोबारको अभौतिक राफसाफ तथा फछ्र्यौट कार्य गर्ने क्रममा विभिन्न राफसाफ सदस्यहरुले धितोपत्र तथा रकम समयमा नबुझाई T+3 को फछ्र्यौट चक्र भित्र राफसाफ तथा फछ्र्यौट गर्न नसकेको तथा एक राफसाफ सदस्यको कारणले अर्को राफसाफ सदस्य मर्कामा परेको गुनासो आएको हुँदा मिति २०७२/०३/१३ गते देखि **अभौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यविधि - २०७०** अनुसार कारोबार सम्पन्न भएको ३ कार्य दिन (T+3) को अपरान्ह १२ बजे पश्चात् राफसाफ तथा फछ्र्यौट कार्य अगाडि बढाईने हुँदा **अभौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यविधि - २०७०** मा व्यवस्था भए बमोजिम आफूले बुझाउनु पर्ने धितोपत्र तथा रकम समयमा नै बुझाउनु हुनु सम्पूर्ण सरोकारवालाहरुलाई यसै परिपत्रद्वारा जानकारी गराईन्छ । साथै राफसाफ सदस्यले आफ्नो दायित्व समयमा पूरा गर्न नसकेमा सोही कार्यविधि अनुसार कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................
(सुरेन्द्र राज वाग्ले)
का.मु. सहायक प्रबन्धक

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com